"सबै नेपालीहरु प्रभुमा बाँचुन्, परमेश्वरको ज्ञानमा बढून्, र महान आज्ञा पूरा गर्न मिशनको कार्यमा सहभागी होऊन्"

# बप्तिस भ्वाईस
The Baptist Voice

वर्ष ६ अंक १ जनवरी-जुन, २०१६

## महिला संगतिको गतिविधिहरु

### प्रतिनिधी छनौट




मिति २०१६ फेब्रुवरी १०-११ तारिखका दिन मध्य तथा सुदुर पश्चिमाञ्चल महिला संगतिको पहिलो भेला तथा समिती गठन सम्पन्न भएको थियो। शान्ति बप्तिस संगति, कोहलपुर, बाँके–११ मा भएको उक्त भेलामा मध्य तथा सुदुर पश्चिमाञ्चल मण्डली संघको अध्यक्ष रेभ. पा. राम बहादुर थापा, उपाध्यक्ष पा. भानु पोखेल तथा ८ वटा स्थानीय मण्डली तथा संगतिहरुबाट २७ जना दिदी बहिनीहरुको उपस्थिती रहेको थियो । यस कार्यक्रमका प्रमुख वक्ता ने.ब.म.सं.का सचिव शान्ती सुब्वा (राई) र कोषाध्यक्ष निर्मला थापाले "एकता" विषयमा रही वचनको सेवकाई गर्नुभएको थियो । साथै महिला संगतिको जिम्मेवारी र समिति छनोटको लागि चाहिने दक्षताको बारेमा जानकारी पनि गरिएको थियो । मिलाप बप्तिस मण्डली, अत्तरियाका दिना पोखेलको अध्यक्षतामा पाँच सदस्यीय समिति चयन गरि एको थियो । समितिमा उपाध्यक्ष: खैसरा पुन-शान्ति बप्तिस संगति, सचिव: कुमारी पुन-धनगढी बप्तिस मण्डली कोषाध्यक्ष: पुनम पौडेल-लिभिङ्ग बप्तिस मण्डली सुर्खेत र सदस्य: गिता सुनुवार-मदननगर बप्तिस मण्डली रहनुभएकोछ।

### पाँचौ क्षेत्रिय अधिवेशन



मिति २०१६ अप्रिल २६-२८ तारिख पश्चिम क्षेत्रिय महिला संगतिको ५ औं अधिवेशन मुर्गिया बप्तिस मण्डली-बुटवलमा सम्पन्न भएको थियो । १६ वटा मण्डली र संगतिहरुबाट ७० जना महिलाहरुको सहभागिता रहकको थियो । प्रमुख प्रषङ्ग: "परमप्रभुले सम्झना गर्नुहुन्छ" *जकरिया १:१०* मा रहि ने.ब.म.सं. अध्यक्ष मिना थापा र सचिव शान्ती सुब्वा (राई)ले वचनको सेवकाई गर्नुभएको थियो । यस अधिवेशनले लक्ष्मी गुरुङ, बेथानी बप्तिस मण्डली-बुटवलको अध्यक्षतामा नयाँ समिति चयन गरेको थियो । समितिमा उपाध्यक्ष: भुमिसरा थापा-महिमा बप्तिस मण्डली पाल्पा, कोषाध्यक्ष: कृष्ण घर्ति मगर-बेथानी बप्तिस मण्डली चनौटा र सदस्यहरु मनु थापा-बेथानी बप्तिस मण्डली बुटवल, पुना बुढामगर-खहरे दर्लिङ्ग बप्तिस मण्डली, रेखा थापा-मुर्गिया बप्तिस मण्डली-बुटवल, सपनी तामाङ-नमुना बप्तिस मण्डली-पृथ्वीबस्ती, झुमा श्रेष्ठ -कावासोती बप्तिस मण्डली र रमला पुन-लेखनाथ बप्तिस मण्डली-पोखरा हुनुहुन्छ।

*बाँकी पृष्ठ ४...*

## नेपाल बप्तिस मण्डली परिषद्को वार्षिक उत्सव



२०१६ अप्रिल ११ तारिखका दिन नेपाल बप्तिस मण्डली परिषद्को २४ औं वार्षिक उत्सव लिभिङ्ग बप्तिस मण्डली नखिपोटमा मनाईको थियो । कार्यक्रममा परिषद्का पदाधिकारी तथा कर्मचारी र सबै विभागिय र क्षेत्रिय सचिवहरु साथै उपत्यकाका स्थानीय पास्टर अगुवाहरु र मिशनरीहरुको उपस्थिति रहेको थियो। नेपाल ख्रिष्टियन समाजका अध्यक्ष रेभ. वर्णवास श्रेष्ठले परमेश्वरको वचनबाट उत्साह दिनु भएको थियो भने परिषद्का महासचिव रेभ. जिरमान राईले परिषद्को बारेमा बताउनुभएको थियो । महासचिवले परिषद् को संक्षिप्त प्रतिवेदन सहित संक्षिप्त रुपमा इतिहास, दर्शन, ध्येय, मुल्य मान्यता र २०२० उद्देश्यको बारेमा प्रस्तुत गर्नुभएको थियो । यसैगरि सबै विभागिय तथा क्षेत्रिय सचिवहरुले आ-आफ्नो विभाग तथा क्षेत्रको प्रतिवेदन र भावी यो जनाहरु प्रस्तुत गर्नुभएको थियो । बाइबल कलेजका विद्यार्थीहरुले स्तुती प्रशंसामा अगुवाई गर्नुभएको उक्त कार्यक्रम परिषद्का एडमिन सन्देश राईले संचालन गर्नुभएको थियो । यस उत्सव कार्यक्रमले परिषद्सँग सम्बन्धित सबै मानिसहरु एकै ठाँउमा भेला भई वर्षभरि परमेश्वरले दिनुभएको आशिषको सम्झना गर्दै आउने दिनहरुमा उहाँको महान् आज्ञा पुरा गर्न थप हौसला मिले को थियो। परिषद्का संस्थापक महासचिव रेभ. हिम बहादुर गुरुङ सहित मिशनरीहरुले संयुक्त रुपमा केक काटि र रेभ. गुरुङले आशिषको प्रार्थना गरि यस उत्सव समापन गरिएको थियो ।

## द्वन्द्व रुपान्तरण कार्यशाला



मिति २०१६ मार्च ७ देखि ९ तारिखसम्म नेपाल बप्तिस मण्डली परिषद् र अमेरीकन बप्तिस अन्तराष्ट्रिय मिनिष्ट्रिजको सहकार्यमा लिभिङ्ग बप्तिस मण्डली नखिपोटमा ३९ जनाको सहभागितामा द्वन्द्व रुपान्तरण कार्यशाला सम्पन्न भएको थियो । यस कार्यशालाको उद्देश्य परिवार, मण्डली र समुदायको निम्ति द्वन्द्व रुपान्तरणको शीप विकास गर्नु, द्वन्द्व रुपान्तरणको बाइबलिय आधार वा जगको बारेमा अध्ययन गर्नु र आघात वा प्रकृतिक विपद्को सामनाका शीपहरु पहिचान गर्नु रहेको थियो। यस कार्यशालालाई सहायता गर्नको निम्ति अमेरीकन बप्तिस अन्तराष्ट्रिय मिनिष्ट्रिजका रेभ. डा. दानिएल एल् बुट्रे र क्यारल सिड्नोर तथा नेपाल बप्तिस मण्डली परिषद्का महासिचव जीरमान राई, बाइबल क्लेजका एकेडेमिक डिन सन्तोष बस्नेत, ब.सा.बि.से. का कार्यकारी निर्देशक दिपक राज राई र बाइबल सोसाइटीका सुवास प्रधानले सहजीकरण गर्नुभएको थियो । यस कार्यशालामा परिषद्का सबै विभाग र क्षेत्रिय संघका प्रतिनिधिहरु साथै सबै क्षेत्रबाट स्थानीय पास्टर अगुवाहरुको सभागीता रहेको थियो । सहभागिहरुले यस कार्यशाला धेरै फलदायि भएको प्रतिक्रिया दिएका थिए साथै यस कार्यशालाबाट विभिन्न किसिमका द्वन्द्वलाई कसरी रुपान्तरण गरि व्यवस्थापन गरि सबैको हितको निम्ति प्रयोग गर्न सकिन्छ भन्ने कुराहरु सिक्न सकेका थिए ।

## रणनितिक कार्यशाला गोष्ठि

२०१६ जनवरी २६ देखि २७ तारिख सम्म नेपाल बप्तिस मण्डली परिषद्को केन्द्रिय कार्यालयमा परिषद्को रणनितिक कार्यशाला गोष्ठि सम्पन्न भएको छ। यही अवसरमा केन्द्रिय समिति बैठक तथा सचिव स्तरीय बैठक पनि बसेको थियो । परिषद् उपाध्यक्ष रेभ.कृष्ण प्रसाद त्रिपाठीको अध्यक्षतामा संचालित उक्त बैठकमा सबै विभागहरु र क्षेत्रिय संघहरुको प्रतिनिधित्व गरि विभागीय र क्षेत्रिय अध्यक्ष वा सचिव वा दुवै जनाको उपस्थिति रहेको थियो। डा. नारायण प्रसाद राई र डा. दिपकराज राई ज्यूले सहजिकरण गर्नुभएको यस कार्यशालाले परिषद् र यसका सबै विभागहरु र क्षेत्रिय संघहरुको वार्षिक तथा पञ्च वर्षिय कार्ययोजना तयार गरी अझ व्यवस्थीत रुपमा अघि बढ्ने निर्णय पनि गरिएको थियो ।



# पुर्वाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको संक्षिप्त गतिविधिहरु

मिति २०१६ जनवरी ४ देखि ८ तारिख सम्म बुल्कु होसन्ना बप्तिस मण्डली, उदयपुरको दशक महोत्सव भव्यताकासाथ सम्पन्न भएको थियो। सोही अवसरमा पा. कर्ण राईलाई पाष्टर अभिषेक गरी मण्डलीको सम्पुर्ण पास्टिरीय सेवाको जिम्मा सुम्पदै तत्कालीन पा. दहल बहादुर राईलाई सम्मान गरि उहाँको सेवकाईको कदर गरेको थियो। उहाँलाई परिषद्का अध्यक्ष रेभ. पा. रत्न बहादुर राईले पाष्टर अभिषेक गर्नुभएको थियो। उक्त कार्यक्रममा परिषद्का अध्यक्ष, क्षेत्रिय सचिव पा. महेन्द्रजङ्ग साम्पाङ्, तगायत स्थानीय पास्टर, अगुवा साथै विश्वासीजनहरुको उल्लेखनीय उपस्थिती रहेको थियो। यसैगरि धुपीजंग बप्तिस मण्डली, ताप्लेजुङ्गका अगुवा बीर कुमार माबोलाई पनि पास्टर अभिषेक गरिएको छ।

२०१६ जनवरी ९ तारिखका दिन छेम्सुने बप्तिस मण्डली, खोटाङ्गको नयाँ भवन परिषद्का अध्यक्ष रेभ. पा. रत्न बहादुर राई र क्षेत्रिय बप्तिस मण्डली संघ पूर्व नेपालका कार्यकारी सचिव पा. महेन्द्रजङ्ग साम्पाङ्गबाट रिवन काटी उद्घाटन गरिएको थियो। यस कार्यक्रममा परमेश्वरको वचनबाट रेभ. पा. रत्न बहादुर राईले 'किन र केका लागि मण्डली भवन निर्माण गरिन्छ' भन्ने विषयमा प्रकाश पार्नुभएको थियो। यसैगरि मार्च २४ तारिख इलाम जिल्लाको महमाई गा.वि.समा रहेको डाँडागाँउ बप्तिस मण्डलीको भवनलाई क्षेत्रिय बप्तिस मण्डली संघका उपाध्यक्ष पा. गोपाल दाहालको आथित्यमा उद्घाटन गरिएको थियो। फेब्रुवरी २७ मा अनुग्रह बप्तिस मण्डली, भोजपुर र जुन ३ तारिख बर्खे बप्तिस मण्डली, खोटाङ्गको पनि मण्डली भवन उद्घाटन गरिएको थियो। साथै अप्रिल ४ तारिख सप्तेसोर बप्तिस मण्डली, खोटाङ्ग र मार्च ८ तारिख हडिया बुधबारे बप्तिस मण्डली, झापालाई परिषद्को विधान अनुसार मण्डली घोषणा गरिएको थियो।

मिति २०१६ जनवरी १०-१६ तारिख पत्करु बप्तिस मण्डली, खोटाङ्गको आफ्नो स्थापनाको २५औं वार्षिक उत्सव (रजत जयन्ती) भव्य सेवकाईका साथ सम्पन्न भएको थियो।




उक्त उत्सव कार्यक्रममा परिषद्का अध्यक्ष रेभ. पा. रत्न बहादुर राई प्रमुख वक्ता रहनु भएको थियो भने नेपाल न्यू कभ्नेन्ट कलेज, इटहरीका प्रिन्सिपल डा. पा. शरद केसी र एकाडेमीक डीन देउकुमार राईले पनि परमेश्वरको वचनबाट बोल्नु भएको थियो। साथै क्षेत्रिय बप्तिस मण्डली संघ पूर्व नेपालका कार्यकारी सचिव पाष्टर महेन्द्रजङ्ग साम्पाङ् र क्षेत्रिय बप्तिस मण्डली संघ पूर्व नेपाल आमा संगतिका कार्यकारी सचिव युनिस राईको उपस्थिती रहेको थियो। अप्रिल ८ तारिख दिव्यज्योति बप्तिस मण्डलीको पनि एकदिने रजत महोत्सव सम्पन्न भएको थियो। नेपाल बप्तिस मण्डली परिषद्का संस्थापक अध्यक्ष तथा ईटहरी बप्तिस मण्डलीका पाष्टर रेभ. दानियल सुब्बा प्रमुख वक्ता रहनुभएको थियो। सोही अवसरमा क्षेत्रिय बप्तिस मण्डली संघको अध्यक्ष पा. जागेन्द्र के.सी लगायत जिल्ला भरिका पाष्टर अगुवाहरुको उपस्थिती रहेको थियो। यसैगरि २०१६, अप्रिल ६-८ तारिखमा मलुवा बप्तिस मण्डली, पाँचथरमा ३ दिने आत्मिक जागृति सेवा सम्पन्न भएको थियो। पूर्वाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ र पुर्वाञ्चल क्षेत्रिय महिला संगतिको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा क्षेत्रिय बप्तिस मण्डली संघ पूर्व नेपालका उपाध्यक्ष पा. गोपाल दाहाल, क्षेत्रिय बप्तिस मण्डली संघ पूर्व नेपाल महिला संगतिका कार्यकारी सचिव युनिस राई र अध्यक्ष हेम कला राई साथै न्यू कभ्नेन्ट कलेजका प्रिन्सिपल डा. शरद केसीले परमेश्वरको वचनबाट उपस्थित दिदिबहिनिहरुलाई उत्साह दिनुभएको थियो। साथै लिङखिम बप्तिस मण्डली, ताप्लेजङ्गमा ३ दिने आत्मिक जागृति सेवा सम्पन्न भएको थियो।

# मध्याञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको संक्षिप्त गतिविधिहरु

## मण्डली घोषणा तथा भवन उद्घाटन

मिति २०१६ अप्रिल १३ तारिख परिषद्का महासचिव रेभ. जीरमान राईले आशिष बप्तिस मण्डली, इमाडोलको नयाँ मण्डली भवन समर्पणको रिवन काट्नु भएको थियो। यही अवसरमा मध्य क्षेत्रका अध्यक्ष पा. मोहन चम्लागाईले मण्डली घोषणा गर्नुभएको थियो। परमेश्वरको वचनबाट उत्साह मिशनरी डिङाले दिनुभएको थियो। यस समारोहमा परिष्द्का कोषाध्यक्ष, मिशन निर्देशक, क्षेत्रका पदाधिकारीहरु, मिशनरीहरु साथै विभिन्न मण्डलीका पास्टर अगुवाहरुको उपस्थीति रहेको थियो।

## पास्टर अभिषेक

मिति २०१६ अप्रिल २३ तारिख शक्तिसालि बप्तिस मण्डली, नख्खु भैंसीपाटीका पास्टर प्रेमनारायण भट्टराई पास्टर अभिषेक हुनुभएकोछ। उक्त अभिषेक कार्यक्रममा परिषद्का महासचिव रेभ. जीरमान राईले परमेश्वरको वचनबाट बोल्नुभएको थियो। सो समारोहमा मिशन निर्देशक रेभ. विजय थापा, मध्य क्षेत्रका सचिव दिपक लामिछाने, मिशनरी जोसुवा र विभिन्न मण्डलीका पास्टर तथा अगुवाहरुको उपस्थीति रहेका थियो।



२०१६ मे ५ तारिक फसेरा फसेर्नी बप्तिस मण्डली चितवनको अगुवा नवीन चौधरीको पास्टर अभिषेक र परमेश्वरको वचनवाट उत्साह परिषदका अध्यक्ष रेभ. रत्न बहादुर राईले गर्नुभएको थियो। मध्य क्षेत्रका उपाध्यक्ष पा. रुवेन चौधरी र कोषाध्यक्ष पा. राजु थुलुङ्ग लगायत विभिन्न स्थानिय मण्डलीका पास्टर तथा अगुवाहरुको उपस्थीति रहेको थियो। यसैगरि २०१६ मे ८ तारिक म्यासेडोनिया बप्तिस मण्डली धुलीखेलद्वारा संचालित नेपाल बाईबल तालिम केन्द्रको समर्पणको प्रार्थना गरिएको थियो। मध्य क्षेत्रका अध्यक्ष, सचिव र कोषाध्यक्ष, नेपाल बप्तिस बाइवल कलेजका प्रिन्सीपल डा.जोन नारायण राई बहुउद्देश्यीय सामुदायीक विकास सेवाका कार्यकारिणी निर्देशक डा. दिपकराज राई लगायत विभिन्न मण्डलीका पास्टर तथा अगुवाहरुको उपस्थीति रहेको थियो।

## तालिम

मिति २०१६ मे १९-२० यूनिर्भसल क्याफे नख्खुचोकमा "समुदाय आधारित विपद् तथा जोखिम न्यूनिकरण" तालिम सम्पन्न भएको थियो। परिषद्को सामाजिक विभाग र क्षेत्रिय मण्डली संघको संयुक्त आयोजनामा सम्पन्न उक्त तालिममा काठमाण्डौ उपत्यकाका विभिन्न मण्डलीका २५ जना पास्टर तथा अगुवाहरुको सहभागिता रहेको थियो। कार्यक्रम समाप्ति पछि सहभागीहरुलाई परिषद्का महासचिव रेभ. जिरमान राईले प्रमाणपत्र वितरण गर्नुभएको थियो।



मे २३-२४ तारिख सोही तालिम गेत्समनी बप्तिस मण्डली, आँचटारी चितवनमा पनि सम्पन्न भएको थियो। यस तालिममा चितवन जिल्लाभरिका २३ विभिन्न मण्डलीका पास्टर अगुवाहरुको उपस्थिति रहेको थियो। कार्यक्रम समाप्ति पछि सहभागीहरुलाई बहुउद्धेश्यीय सामुदायीक विकास सेवाको पूर्व अध्यक्ष रेभ. मानबहादुर बस्यालले प्रमाणपत्र वितरण गर्नुभएको थियो।

जुन १३-१४ नेपाल बप्तिस बाइवल कलेज र मिशन विभागको सहकार्यमा उपत्यकाका पास्टर तथा अगुवाहरुको निम्ति "मुभमेन्ट विल्डिङ तालिम" आयोजना गरिएको थियो। उक्त तालिममा बाइबल कलेजका युवा निर्देशक प्रविण कर्मचार्यले सिकाउनु भएको थियो। जसमा ९ जना स्थानीय पास्टर अगुवाहरु सहभागी हुनुभएको थियो। मिति २०१६ जुन ६-१० तारिख सामदान बप्तिस मण्डली, काठमाण्डौमा ५ दिने तालिम सम्पन्न भएको थियो। सो तालिममा मध्य क्षेत्रका अध्यक्ष, सचिव, मिशन निर्देशक र स्थानीय पास्टर लोक बहादुर गोलेले विभिन्न विषयमा सिकाउनुभएको थियो। मण्डलीका अगुवाहरुको बिचमा चेला निर्माण गर्ने उद्धेश्यले संचालित यस तालिममा २५ जना सहभागी भएका थिए।

## आघात मनोविमर्श कार्यशाला सम्पन्न

श्रेत्रिय बप्तिस मण्डली संघको आयोजना तथा ABIM एलिया परामर्श तथा तालिम केन्द्र (ECTC) को साझेदारीमा दुई दिने आधारभुत आघात मनोविमर्श कार्यशाला सम्पन्न भएकोछ। क्षेत्रिय स्तरमा आयोजित उक्त कार्यशालामा स्थानीय पास्टर, अगुवा, दिदीबहिनि साथै युवाहरुको सहभागीता रहेको थियो। साधरण आघात प्रतिक्रिया र सहयोग, सुनुवाईका सीप, आघातपछि हुने अव्यवस्थित तनाव, आधारभुत आधात मनोविमर्श आदि विषयहरु बारे छलफल गरि सिकाईएको थियो। पुर्वाञ्चल क्षेत्रको सुन्दर नगरी धरानको ड्रिम्सल्यान्ड होटेलमा मे ३१ तारिख देखि जुन १ तारिखसम्म संचालित पहिलो कार्यशालामा पुर्वाञ्चल क्षेत्रका विभिन्न बप्तिस मण्डली तथा संगतीहरुबाट २९ जना पाष्टर अगुवाहरुको सहभागीता रहेको थियो। उक्त कार्यशालामा ECTCका सहजकर्ताहरु डिक बहादुर लामा र बन्दना शर्माले सहजीकरण गर्नुभएको थियो।



यसैगरि पश्चिमाञ्चल क्षेत्रको नवलपरासी जिल्लाको सुनवल स्थीत योन्सई केन्द्रिय बप्तिस मण्डलीमा जुन १५-१६ तारिख सम्पन्न गरिएको कार्यक्रममा पश्चिमाञ्चल तथा मध्य तथा सुदुर पश्चिम क्षेत्रका विभिन्न बप्तिस मण्डली तथा संगतीहरुबाट ३९ जना सहभागीहरुको सहभागीता रहेको थियो। पास्टर, प्रचारक, महिला अगुवा साथै युवा अगुवाहरुको सहभागीता रहेको उक्त कार्यशालामा ECTCका सहजकर्ताहरु सुजेन्द्र माली र स्मृती तामाङ्गले सहजीकरण गर्नुभएको थियो। एकजना सहभागी भन्नुहुन्छ *"यो कार्यशाला व्यवहारिक छ, र सेवकाई गर्नेहरुको लागि एकदमै उपयुक्त र जरुरी पनि छ"*। स्थानीय मण्डलीका पास्टर लेख बहादुर बुढाथोकीले शुरुको प्रार्थना साथै सहभागीहरुलाई स्वागत गर्नुभएको उक्त कार्यशालामा पश्चिमाञ्चलका अध्यक्ष पा. चित्र गुरुङ्गले सहभागीहरुलाई प्रमाण-पत्र वितरण र मध्य तथा सुदुर पश्चिमाञ्चलका अध्यक्ष रेभ. राम बहादुर थापाले अन्तिमको प्रार्थना गरि सु-सम्पन्न गरिएको थियो।

## सि.टि.एज. कार्यक्रम



मिति २०१६ मार्च १४ देखि १८ तारिखसम्म ग्रेस बप्तिस मण्डली, काठमाण्डौमा सि.टि.एच. तालिम सम्पन्न भएको थियो । उक्त तालिममा पा. सरोज मगरान्तले "नेपालमा झुटा शिक्षाको चुनौतीहरु" र पा. प्रेम नारायण भट्टराईले "मण्डली इतिहास र बप्तिस इतिहास" विषयमा सिकाउनुभएको थियो । यस तालिममा ११ जना पास्टर तथा प्रचारकहरुको सहभागीता रहेको थियो । यसैगरि खोटाङ्गको सदरमुकाम दिक्तेलमा मे २३ देखि २७ तारिखसम्म २६ जना स्थानीय पास्टर तथा अगुवाको सहभागीतामा सि.टि.एच. कार्यक्रम सम्पन्न भएको थियो । दिक्तेल बप्तिस मण्डलीमा आयोजित यस तालिममा बाइबल कलेजका प्रिन्सिपल नारायण प्रसाद राईले सहजीकरण गर्नुभएको थियो । जुन १३-१७ तारिख विभिन्न कारणले पहिलाका केही तालिममा सहभागी हुन नसक्नुभएका मध्य तथा पश्चिम क्षेत्रका पास्टर अगुवाहरुको लागि सि.टि.एच. तालिम संचालन गरिएको थियो । बाइबल कलेजमा सम्पन्न यस तालिममा पा. नारायण प्रसाद राई र पा. मित्र डंगोलले १५ जना सहभागीहरुलाई सिकाउनुभएको थियो । यसै गरि लिभिङ्ग बप्तिस मण्डली, नखिपोटमा सम्पन्न सि.टि.एच. तालिममा पा. मित्र डंगोलले "बाइबलीय व्याख्या" र प्रविन कर्मचार्यले "स्वाथ्य मण्डली वृद्धि" विषयमा सिकाउनुभएको थियो । उक्त तालिममा २७ जना सहभागीहरु रहेका थिए ।

## नि:शुल्क स्वास्थ शिविर



मिति २०१६ फेब्रुअरी ९ देखि १४ तारिखसम्म नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । सि.बि.सि. ताइवान र नेपाल बप्तिस मण्डली परिषद्को मिशन विभागको सहकार्यमा आयोजीत उक्त स्वास्थ शिविर स्याङजा जिल्लाको आरुाङ्गको एन.सि.के. स्कूलमा र धादिङ्ग जिल्लाको बिर्ता डाँडा बैरेनीको माध्यमिक विद्यालय र बैरेनी गल्छीमा आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरबाट १५९ जना पुरुष, २४६ जना महिला र ४४६ जना बालबालिकाहरु गरी जम्मा ८५१ जनाले नि:शुल्क स्वास्थ्य जाँच र औषधी प्राप्त गरेका थिए ।

## म्यानमार भिजिट

मिति २०१६ अप्रिल २३ देखि मे १ सम्म म्यानमार बप्तिस कन्भेन्सन अर्न्तगत रहेका मण्डलीहरुले समाजसँग मिलेर सँगसँगैको प्रकृया कसरी संचालन गरी रहेका छन् भन्ने जानकारी गर्न म्यानमार भ्रमण गरिएको थियो । नेपालका बप्तिस मण्डली परिषद्, बिलिभर्स र क्वाइनोनिया गरी ३ वटा सम्प्रदायका राष्ट्रिय संयोजक र सह संयोजक लगायत टियर फण्ड यु.के. का सह राष्ट्रिय निर्देशक र माइका नेपालका सँगसँगै CCMP कार्यक्रम संयोजक गरी ७ जनाको सहभागिता रहेको थियो । साथै बंगलादेशबाट २ जनाको सहभागिता रहेको थियो । बप्तिस सम्प्रदायको प्रतिनिधित्व गरि परिषद्का कोषाध्यक्ष पा. राजेन्द्र मल्ल तथा मिशन निर्देशक रेभ. विजय थापा जानुभएको थियो । उक्त भ्रमणबाट धेरै व्यवहारिक कुराहरु सिक्ने मौका मिलेको थियो ।

## बाइबल कलेजको संक्षिप्त गतिविधिहरु

मिति २०१६ जनवरी ११ र १२ तारिखका दिन दुई दिने युवा अध्ययन कार्यक्रम सम्पन्न भएको थियो । बाइबल कलेजमा आयोजित उक्त अध्ययन कार्यक्रम कलेजका युवा निर्देशक प्रविन कर्मचार्यले संचालन गर्नु भएको थियो । उक्त कार्यक्रममा १५ जना युवाहरुको सहभागिता रहेको थियो ।



फेब्रुवरी ६ देखि ८ तारिख काठमाण्डौको मातातिर्थ स्थित खुशी खुशी रिर्सोटमा ने.ब.बा.क कर्मचारी तथा संकायहरुको रिट्रिट आयोजना गरिएको थियो । बाइबल कलेजका सम्पूर्ण विद्यार्थी साथै कर्मचारीको उपस्थिति रहेको उक्त कार्यक्रममा कलेजका प्रिन्सिपल डा. जोन नारायण राईले नेपाल बप्तिस मण्डली परिषद् को दर्शन साथै यसमा कलेजको भूमिका बारेमा बताउनु भएको थियो । बप्तिस मिशन समाज, बेलायतका श्रीमती जेनि सन्डसले ७ तारिख बिहान "विचार र मनन" को बारेमा सिकाउनुभएको थियो । साथै ८ तारिखका बिहान जेम्स एल् चिन्जाले वचनबाट सबैलाई उत्साह दिनुभएको थियो । यस कार्यक्रममा विद्यार्थीहरुसँग कलेजको दैनिक क्रियाकलाप सम्बन्धि पनि छलफल भएको थियो जस अर्न्तगत विद्यार्थीहरुको सेवकाई, स्तुती प्रंशसाको समय, खेलकुद, स्वास्थ्य खाना तथा संगित, आदि थिए । फ्रेबुवरी १५ देखि १७ तारिखसम्म लिभिङ्ग बप्तिस मण्डली




नखिपोटमा अगुवापन सेमिनार सम्पन्न भएको थियो । बाइबल कलेजद्वारा आयोजित उक्त कार्यक्रममा काठमाण्डौ उपत्यका, चितवन तथा लुम्बिनी जिल्लाबाट पाष्टर अगुवा तथा कलेजका विद्यार्थी, कर्मचारी तथा संकायहरुको सहभागिता रहेको थियो । २०१६ मार्च २७ तारिखका दिन ने.ब.बा.क.का सम्पूर्ण विद्यार्थी तथा कर्मचारीहरु येशू खीष्टको बौरी उठाइको दिन लिभिङ्ग बप्तिस मण्डली नखिपोटमा सुर्यदयको प्रार्थनामा सहभागी भएका थिए । यस प्रार्थना पश्चात नेपाल खिष्टियन समाजद्वारा आयोजित इस्टर ऱ्यालीमा सहभागी भएका थिए ।

ने.ब.बा.क.को आत्मिक सप्ताह २१ मार्च देखि २५ मार्च सम्म कलेज परिषरमा भयो जसको मूल विषय "आफ्नो क्रुस उठाउ" *मर्कूस ८:३४-३५* रहेको थियो । आफ्नो क्रूस उठाउनु र येशूलाई पछ्याउनु भन्नेको आशया के बुझ्छौ ? यस सप्ताहमा विद्यार्थीहरुले यही प्रश्नलाई मनन् गरेका थिए ।

मे १३ तालिखका दिन भ्रूणको आवाज नेपालसँगको सहकार्यमा गर्भपतन वा भ्रूम हत्या सम्बन्धी एक विशेष कार्यक्रम गरिएको थियो । यस कार्यक्रममा भ्रूणको आवाज नेपालका प्रतिनिधि श्री समन राईले सहजीकरण गर्नुभएको थियो । सहभागीहरुमा यस कार्यक्रमले निकै गहिरो प्रभाव परेको र आउने दिनहरुमा भ्रूम हत्या वा गर्भपतन गर्नुहुन्न भन्ने कुरा अरुलाई सिकाउने उत्साह मिलेको थियो ।



२०१६ मे १३ तारिखका दिन तेश्रो तथा अन्तिम वर्षका विद्यार्थीहरुले विभिन्न जातिहरु माझ कसरी सुसमाचार सुनाउन सकिन्छ भन्ने विषयमा नाटक मार्फत प्रस्तुत गरेका थिए । सो नाटक मण्डली विस्तार तथा रणनीति पाठ्यक्रम अर्न्तगत गरि एको थियो ।

यसैगरि कलेजको वार्षिक रिट्रिट आनन्दवन अस्पताल, ललितपुर मा आयोजना गरिएको थियो । यस समयमा विद्यार्थीहरुले खेल, नाटक, नृत्य, शान्त समय, तथा कुष्टरोगी बिरामीहरुसँग भलाकुसारी गर्ने अवसर पाएको थिए ।




## कविता



### मेरो विश्वास येशुमा मात्र

मानिसहरु भन्छन् जुन बाटोमा हिडेपनि स्वर्ग नै पुग्ने हो,
म त भन्छु स्वर्गको ढोका येशु मात्र हो ।
हामी सबै पापी छौं पश्चताप गर्ने समय आज नै हो,
पापबाट मुक्ती पाई येशुलाई पछ्याई हिड्ने हो ।

राम्रो काम नगर भनेको होइन गर्ने गर,
राम्रो कामले स्वर्ग पुगिन्छ भनि विश्वास कदापि नगर ।
संसारमा धेरै बाटोहरु छन्, सत्य कुन हो चिन्ने गर,
स्वर्गको भागेदारी  बन्न चाहान्छौं भने येशुमा विश्वास गरि
आज्ञापालन गर ।

तिम्रो र मेरो उदेश्य एउटै हो स्वर्गमा जाने,
स्वर्गामा जाने एउटै उपाय हो येशुमा विश्वास गर्ने ।

पामिला पाईजा पुन
लेखनाथ बप्तिस संगति, पोखरा

## महिला संगति .....

### बजेट तथा योजना कार्यगोष्टी



मिति २०१६ फेब्रुवरी २४-२६ तारिखमा ४ वटै क्षेत्रीय महिला समिती सदस्यहरुको सहभागितामा २ दिने बजेट तथा योजना कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । गोदावरी आश्राम, ललितपुर मा सम्पन्न उक्त गोष्ठीमा २७ जना दिदी बहिनीहरुको सहभागिता रहेको थियो । बजेट र योजनाको बारेमा पा. जोन नारायण राईले सिकाउनु भएको थियो साथै बप्तिस सिद्वान्त र नेपाल बप्तिस मण्डली परिषद्को बारेमा परिषद् अध्यक्ष पा. रत्न बहादुर राई ज्यूले प्रष्टायाउनु भएको थियो ।

### पसल उद्घाटन



महिला संगतिको सेवकाईमा आर्थिक टेवा तथा स्थानीय श्रोत र शिपको उचित प्रयोग र बजार मुल्य दिने उद्देश्यसहित नेपाल महिला संगतिले उपहार पसल शुरु गरिएकोछ। हाल चापागाउँबाट लगनखेल जाने बाटोमा एशियन कलेजको सटर भाडामा लिई २०१६ मे ९ तारिख देखि संचालन भईरहेकोछ । पसलको उद्घाटनमा ने.ब.म.प.को महासचिव रेभ. जिरमान राईले उत्साहको वचन साथै अध्यक्ष रेभ. रत्न बाहादुर राईले उत्साहका शब्द सहित आषिशको प्रार्थना गर्नुभएको थियो ।

*(यदी तपाईको मण्डली तथा संगतिमा वा व्यक्तिगत शिपद्वारा निर्मित पनि कुनै किसिमको सर सामानको बिक्रि वितरणको लागि नेपाल बप्तिस महिला संगतिलाई सम्पर्क गर्न सक्नुहुनेछ ।)*

# नेपाल बप्तिस युवा संगतिको गतिविधिहरु

### नेहेम्याह तालिममा युवा अगुवाहरु सहभागी



नेपाल बप्तिस युवा संगतिले आगामि समयहरुमा नेपाली बप्तिस युवाहरुलाई पनि मिशन तथा सु–समाचारको क्षेत्रमा मौका प्रदान गर्ने अभिप्रायले नहेम्याह टिम्स नेपालमा स्थापनाको निम्ति ने.ब.यु.स. का सचिव श्री कमल शिवाकोटी र प.क्षे.ब.यु.स.का सचिव अन्जान जि.आर.लाई फिलिपिन्समा तिन महिने एडभान्स अपरेसन तालिमको निम्ति पठाउन सफल भएको छ । जनवरी १६ देखि अप्रिल ३ सम्म संचालन भएको तालिम *'अत्यन्तै आशिषमय भएको र यसले नेपालमा पनि बप्तिस युवाहरुलाई मिशनमा सहभागीताको मौका प्रदान गर्न सहायता मिल्ने'* ने.ब.यु.सं.का सचिव श्री कमल सिवाकोटीले बताउनुभयो । उक्त तालिम नहेम्याह टिम्सले आयोजना गरेको थियो र ने.ब.यु.सं. र नहेम्याह टिम्सको सहकार्यमा नेपाली बप्तिस युवा अगुवाहरु सहभागी हुनुभएको थियो ।

### मध्य तथा सुदुर पश्चिमाञ्चल नव युवा समिति



नेपाल बप्तिस युवा संगतिले लामो समयको प्रार्थना र प्रयास पछि मध्य तथा सुदुर पश्चिमाञ्चलमा पनि क्षेत्रीय बप्तिस युवा संगति गठन गर्न सफल भएको छ । गत अप्रिलको १४ र १५ तारिकका दिन कैलाली जिल्ला स्थित् अत्तरीयामा रहेको मिलाप बप्तिस मण्डलीमा मध्य तथा सुदुर पश्चिमाञ्चल क्षेत्रमा रहेका बिभिन्न मण्डलीबाट सहभागी करिब ४५ जना प्रतिनिधी युवा अगुवाहरुले उक्त क्षेत्रको निम्ति युवा संगतिको ७ जनाको समिति गठन भएको छ । उक्त कार्यक्रममा ने.ब.यु.स. का उपाध्यक्ष पा. सामुएल राना, सचिव कमल शिवाकोटी, पश्चिमाञ्चल क्षेत्रीय बप्तिस युवा संगतिका सचिव श्री अब्राहाम जि.आर र सदस्य पा.सन्तोष थापा, मध्य तथा सुदुर पश्चिमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघका अध्यक्ष रेभ. राम बहादुर थापा, उपाध्यक्ष पा. भानुभक्त पोखेल साथै सचिव दुर्गा बहादुर बि.क.ज्यु को उपस्थिति रहेको थियो । उक्त समितिको अध्यक्ष: श्री देवराज भट्ट-मिलाप बप्तिस मण्डली अत्तरिया कैलालि, उपाध्यक्ष: प्रेम बि.क.-मदन नगर बप्तिस मण्डली सुर्खेत, सचिव: बिरेन्द्र चौधरी-धनगडी बप्तिस मण्डली, कोषाध्यक्ष: साबित्रा बुढाथोकी-शान्ति बप्तिस संगति बाँके, सदस्यहरु: बिनु शाक्य-लिभिङ्ग बप्तिस मण्डली सुर्खेत, अनिस ताम्रकार-प्रसंसा बप्तिस संगति कन्चनपुर र केसव अउजी-जैतुन बप्तिस संगति हुनुहुन्छ ।

### नेहेम्याह टिम नेपालको पहिलो मिशन टिम मकवानपुरमा

गत मे १ तारिक देखि २७ तारिक सम्म नहेम्याह टिम्स नेपालको पहिलो युवा सुसमचारीय टिम मकवानपुरको कुलेखानीमा परिचालन गरिएको थियो। जसमा ७ जना युवाहरूको सहभागीता



रहेको थियो र यो टिमको नेतृत्व श्री अब्राहाम जि.आरले गर्नुभएको थियो । यस टिमको निम्ति पहिलो तीन दिनको तालिम धापाखेल बप्तिस मण्डलीमा भएको थियो भने मे ४ तारिका दिन टिम फिल्डमा मिशनको निम्ति परिचालन गरिएको थियो । उक्त टिम मे २५ तारिक पुन: काठमाण्डौ फर्किएर २ दिनको समापन तालिम शक्तिशाली बप्तिस मण्डलीमा गरिए पछि औपचारिक रुपमा तालिम समापन भएको थियो । ने.ब.यु.सं.को आगामी दिनमा पनि युवाहरुलाई मिशनमा परिचालन गर्नको निम्ति यो तालिम तथा मिशन आउटरिचलाई निरन्तरता दिने योजना रहेको छ ।

### अन्य गतिविधिहरु

मिति २०१६ अप्रिल २४ र २५ तारिखका दिन गुँसारे बप्तिस मण्डली, उदरपुरमा २ दिने युवा जागृति कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा स्थानीय मण्डली तथा संगतिहरुबाट १७ जना युवाहरुको सहभागीता रहेको थियो । युवा संगतिका सचिव कमल शिवाकोटीले वचनको सेवकाई गर्नुभएको थियो । यसैगरि जुन ४ तारिख फिदिम बप्तिस युवा संगति, पाँचथर स्थापनाकालको १७ औं वार्षिक उत्सव भव्यताकासाथ मनाईएको थियो । यस उत्सव कार्यक्रममा स्थानीय युवाहरु साथै पास्टर तथा अगुवाहरुको उत्साजनक उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा युवा सचिव कमल शिवाकोटी र पश्चिमाञ्चल क्षेत्रिय युवा संगतिका सचिव अन्जान जि.आर. सहभागी हुनुका साथै कमल शिवाकोटीले वचनबाट उपस्थित युवाहरुलाई उत्साह दिनुभएको थियो ।

यस बप्तिस भ्वाईसमा मण्डलीका विभिन्न गतिविधि, लेख, रचना तथा तपाईंहरुको कुनै पनि सुझाव सल्लाह, प्रतिकृयाहरु निम्न ठेगानामा पठाई सहयोग गर्न हुन अनुरोध गर्दछौं ।-सम्पादक मण्डल

POB 8975 EPC 1051; Kathmandu, Nepal
Email : baptistvoice2011@gmail.com

**नाम र ठेगाना**



सम्पादक मण्डल : रेभ. विजय थापा, दिपक लामिछाने, ध्यानश्वर राई । सल्लाहकार : रेभ. जिरमान राई